# मंगला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मंगला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बाबियाचौर, म्याग्दी गण्डकी प्रदेश नेपाल २०७३

बाबियाचौर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

**नदिजन्य पदार्थ उत्खन गरि विक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको सिलवन्दी दरभाउपत्र आव्हान सम्वन्धी सुचना**

*(प्रथम पटक प्रकाशित मितिः- २०७८/०८/२६)*

स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा ६२ (क) तथा ६४ को (च) मा भएको व्यवस्था, गण्डकी प्रदेश आर्थीक ऐन, २०७७ को दफा ८ र सो सँग सम्वन्धीत अनुसूची ६ मा भएको व्यवस्था एवं मंगला गाँउपालिकाको आर्थीक ऐन, २०७७ को दफा १४ वमोजिम अर्थीक बर्ष २०७८/०७९ को लागी यस मंगला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले तोकिएको नदिहरुको घाटहरुवाट निर्धारित मापदण्ड वमोजिम नदिजन्य पदार्थ निकाली गाउँपालिकाले तोकेको दरमा विक्री गर्नेगरि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्म दर्ताको नवीकरण भएको प्रमाणत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र करचुक्ताको प्रमाणपत्रको प्रतिलिपीहरु संलग्न गरि तपशिल वमोजिमका शर्तहरुको अधीनमा रही तोकिएको समयभित्र सिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| सि.नं. | सुचना नं./ठेक्का नं. | ठेक्काको नाम | उत्खनन गर्ने वगर र परिमाण (घन मिटर) | | न्युनतम ठेक्का रकम (सेवाशुल्क र मु.अ. कर वाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०४/०७८/०७९ मंगला गाउँपालिका म्याग्दी खोला क्षेत्र | ढुङ्गा, गिट्टी, रोडा र वालुवा उत्खनन तथा विक्री वितरण | जलकेनी घाट | ११९९.८२ | १७४६७२४.८९ | १०००० | १००० | |
| | | | कपासे घाट | १५६०.०० | | | | |
| | | | वान्द्रे घाट | १४१७.२० | | | | |
| | | | ताराखेत घाट | ६३१.२० | | | | |
| | | | कस्केरी कालढुंगेवगर | ४०८.७१ | | | | |
| | | | तल्लो कस्करी विच खण्ड | २८८.०० | | | | |
| | | | भाइवाङ खोला | ४८०.०० | | | | |
| | | | पोकमुनी मसानघाट | २४०.०० | | | | |
| | | | औवा खोला घाट | १९२.०० | | | | |
| | | | छेपारेघाट | ४८०.०० | | | | |
| | | | कुर्सिम्लाघाट | १६८.०० | | | | |
| | | | जम्मा | ७०६४.९३ | | | | |

मनोहर दुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

शर्तहरुः-

१.फर्म वा कम्पनीको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्र (वा म्याद थपको प्रमाणित प्रतिलिपी) र दरभाउपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको नगदी रसिद वा बाबियाचौर स्थित प्रभु बैङ्कको राजस्व खाता नं. १५००११०३०९३००१०१ जम्मा गरेको सक्कल भौचर साथ निवेदन पेश गरी यो सुचना प्रथमपटक प्रकाशन भएको मितिले १५ औं दिन सम्म (२०७८।०९।११ गते) कार्यालय समयभित्र मंगला गाउँ कार्यपालिकाको कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ ।१५ औं दिन सार्वजानिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. कोटेशत फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा रहेको बाबियाचौर स्थीत प्रभु बैङ्कको धरौटी खाता नं. १५००११०३०९३०००६१ मा जम्मा गरि सोको सक्कल वैंक भौचर वा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७(५) बमोजिम नेपाल राष्ट्र वैंकवाट इजाजत प्राप्त वाणिज्य वैंकवाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको विड वण्ड दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलवन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोवाइल नं. समेत स्पष्ट खुलाइ फर्मको छाप लगाइ रु. १० को टिकट टाँस गरि प्रथमपटक सुचना प्रकाशित भएको मितिले १६ औं दिन सम्मको १२.०० वजे भित्र यस कार्यालयमा दर्ता गर्न सकिनेछ।

४. रीतपूर्वक पर्न आएका सिलवन्दी दरभाउपत्रहरु दरभाउपत्र पेश गर्ने अन्तिम दिन (२०७८।०९।१२ गते) दिनको २.०० वजेदेखि विभिन्न कार्यालयका प्रतिनिधीहरु, निर्माण व्यवसायी वा निजको प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै निर्माण व्यवसायी वा निजको प्रतिनिधी दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन विदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनको १० बजे हुनेछ ।

५. ठेक्का सम्वन्धी विस्तृत जानकारी दरभाउपत्र फाराममा समेत उल्लेख गरिएको हुँदा सोही फारामवाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

६. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउपत्रहरु स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. दरभाउपत्र स्विकृत भएमा सो को सुचना पाएको मितिले ७ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम मंगला गाउँपालिकाको राजस्व खातामा अनिवार्य जम्मा गरी सम्झौता गर्न आउनुपर्नेछ ।दोस्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम यस कार्यालयको नाममा २०७९ साल असार मसान्त सम्म म्याद भएको मान्यताप्राप्त नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाँणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र (परफरमेन्स वन्ड) को सक्कल प्रति सम्झौताको बखत पेश गर्नुपर्नेछ ।साथै दरभाउपत्र कबोल गर्ने फर्मले वा कम्पनिले आफुले कबोल गरेको अंक ,सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट र १.५% अग्रिम आय कर रकम समेत आन्तरीक राजश्व कार्यालयमा बुझाइ संकलन भौचर यस कार्यालयमा बुझाउनु पर्नेछ।

८. तोकिएको म्यादभित्र तोकिएको रकम जम्मा गरी वा जमानतपत्र (परफरमेन्स वन्ड) ल्याई कार्यालयमा उपस्थित भई सम्झौता गरी पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ ।

९. यस गाउँपालिका क्षेत्रका नदि तथा नदिहरुको उत्खन्न क्षेत्र र उत्खन्न परिमाणका सन्दर्भमा नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्वन्धमा मंगला गाउँपालिका, वावियाचौर म्याग्दीवाट भएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) एवं संघ र प्रदेश सरकारवाट जारी भएका निर्देशनहरु कार्यविधि परिपत्रहरु यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।

१०. माथि उल्लेखित घाटहरुमा तोकिएको परिमाणको ढुंगा गट्टी उत्खनन कार्य मानिसद्धारा श्रम लगाई तोकिएको समयावधिमा गर्नुपर्नेछ ।

११. माथि उल्लेखित घाटहरुबाट ढुंगा गिट्टी वालुवा उत्खनन गर्न इच्छुक दरभाउपत्रदाता उत्खनन समयमा आइपर्ने कोभिड संकट वा अन्य प्राकृतिक संकट वा मानवीय विवाद आदि सम्वन्धमा स्वयं जिम्मेवारी हुनुपर्नेछ । कोभिड संकट वा अन्य प्राकृतिक संकट वा मानवीय विवादका कारणले छनौट भएको दरभाउपत्रदताले कवोल गरेको राजस्व रकममा कुनै पनि छुट दिइनेछैन ।

१२. यसमा उल्लेख भएका कुराहरुमा सोही वमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा संघ र प्रदेश सरकारका अन्य प्रचलित कानुन र मंगला गाउँपालिकाको निर्णयानुसार हुनेछ र कुनै विवाद भएमा मंगला गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

मंगला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाबियाचौर, म्याग्दी गण्डकी प्रदेश नेपाल २०७३

(मनोहर ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत